Victorian Legal Services
BOARD + COMMISSIONER

Nepalese

# तपाईको वकिलसँग काम गर्दा

**तपाईको वकिलसँग सकारात्मक सम्बन्ध वनाउन र कायम राख्न मद्दतका लागि केही तर्कहरु तल प्रस्तुत गरिएका छन्।**

## प्रथम भेटघाट (मितिङ्ग) अगाडि

- पहिलो परामर्शको शुल्क कति हो र कति लामो हुन्छ पत्ता लगाउनुस।
- तपाईलाई चाहिने कानुनी मामिलामा तपाईको वकिलको अनुभव वा विशेषज्ञता छ छैन बुझ्नुहोस।
- तपाईको कानुनी समस्याको बिस्तृत जानकारी लेख्नुहोस: के भयो, कहिले भयो र त्यहाँ को को थियो।
- तपाईको कानुनी मामिलासँग सम्बन्धित सबै कागजातहरूको कापी बनाउनु होस।
- तपाईको वकिलसँग सोध्नु पर्ने सँबै प्रश्नहरू लेख्नुहोस।
- तपाईको मामिलाबाट के कस्तो नतिजा आशा राख्नु भएको छ लेख्नुहोस।
- यदि तपाईलाई मद्दत हुन्छ भने प्रथम भेटघाटमा तपाईको कोही एक साथी वा आफन्तलाई सँगै लिएर जानु होस।
- यदि दोभाषे चाहिन्छ भने, त्यसको ब्यबस्था गर्नुहोस।

## पहिलो भेटघाट (मितिङ्ग) मा

- शुल्क कति लाग्ने हो सोध्नुहोस (वा आर्थिक सहायता चाहिएमा कानुनी सहयोग बारे बुझ्नुहोस)।
- तपाईलाई के के कुरा भनियो त्यसको नोट लेख्नुहोस।
- तपाईले लेखेको नोटको एक कापी तथा तयार गर्नु भएको कागजातहरू वकिललाई दिनुहोस।
- तपाईको वकिलले सोधेका सबै प्रश्नका जवाफहरू स्पष्ट हुनेगरि दिनुहोस।
- नबुझेका कुरा तथा बुझ्न चाहेका कुराहरू तपाईको वकिलसँग सोध्नुहोस।
- कुनै पनि कानुनी शब्दहरू नबुझेमा त्यसको परिभाषा वकिलसँग सोध्नुहोस।
- तपाईको कानुनी मामिला समाधान गर्न अरु केही उपाय छ कि वकिलसँग सोध्नुहोस।
- आफ्नो ब्यक्तिगत सुरक्षाको सम्बन्धी केही चिन्ता छ भने वकिललाई भन्नुहोस।
- वकिलसँग अर्को कदम के हुन्छ सोध्नुहोस र तपाईको कानुनी मामिला हल गर्न कति समय लाग्छ जान्नुहोस।

## निरन्तर सम्झनु पर्ने कुराहरू

- तपाईको वकिलले के भन्यो त्यसको नोट लेख्नुहोस।
- तपाईले टिपेको सबै नोटहरु तथा तपाईको वकिलले पठाएका सबै पत्र एवं कागजातहरू एउटा फाईलमा सँगै राख्नुहोस।
- आफ्नो ब्यक्तिगत जानकारीमा परिवर्तन आएमा वकिललाई जानकारी दिनुहोस।
- के कुरो भयो वा के कुरो हुनेवाला छ भन्ने बारे नबुझे वकिललाई सोध्नुहोस।
- कानुनी मामिलामा अदालतको मुद्दा संलग्न छ भने वकिलसँग बुझ्नुस कि अदालतमा जानुको सत्ता सहमतीमा “मिलापत्र” गर्नु भनेको के हो (र साथै कानुनी खर्चमा यसले के कति असर पर्छ)।
- तपाईको खर्च पहिलेको अनुमान भन्दा बढ्ने हो कि वकिलसँग बुझ्नुहोस।

## वकिलसँग तपाईको गुनासो भएमा

- आफ्ना गुनासोहरू सिधै तपाईको वकिल वा तपाईको वकिलको प्रबन्धक पार्टनरसँग राख्नुहोस।
- वकिल फेर्नुहोस (तर याद गर्नु होस उनीहरूको सबै शुल्क नतिरे सम्म तपाईको फाईल उनीहरूले राख्न सक्छ)।
- उनीहरूसँग समस्या समाधान नभएमा, कानुनी सेवा कमिस्नर (लिगल सर्भिसेज कमिस्नर), न्यायोचित, निष्पक्ष तथा छिटै वकिलहरुको बारेको गुनासो सम्हाल्ने भिक्टोरियाको एक मात्र निकायलाई सम्पर्क गर्नुहोस।

## थप जानकारी चाहिएमा

Victorian Legal Services Board + Commissioner
Level 5, 555 Bourke Street
Melbourne VIC 3000

**फोन** 1300 796 344 **(भिक्टोरिया भित्र लोकल कल)**
**फोन** 03 9679 8001
**फ्याक्स** 03 9679 8101

www.lsbc.vic.gov.au